स्थानिय सरकार

# गुठिचौर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# धलमुडी, जुम्ला

कर्णाली प्रदेश

## गुणस्तरीय शिक्षाका लागी जनचेतना कार्यक्रम सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८३।०२।२८**

श्री सरोकारवालाहरु

प्रस्तुत विषयमा यस गुठीचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा न १ को लागी **गुणस्तरीय शिक्षाका लागी जनचेतना कार्यक्रम** गर्न बिनियोजित भएको रु २६२५०० (दुई लाख बैसाठ्ठि हजार पाँच सय रुपैया मात्र) बजेटको सिमा भित्र रहेर काम गर्न इच्छुक यस गुठिचौर गाउँपालिकामा सुचिकृत भएका फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा गुठिचौर गाउँपालिकाले तयार पारेको यसै साथ सँलग्न TOR मा रहेको BOQ को ढाचाँमा दररेट सहितको कोटेशन पेश गर्नु हुन सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सुचना सम्बन्धि काम गर्न मिल्ने इच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले माथी उल्लेखित समय भित्र गुठिचौर गाउँपालिकाको प्रशासन शाखामा खागबन्दि कोटेशन पेश गर्नुपर्ने छ। कोटेशन पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्नुपर्ने छ।

२०८३।०२।२८

.............................

टेक बहादुर बुढथापा

(प्रमुख प्रशासकीय अधिकृत)

# (TOR)

# गुणस्तरीय शिक्षाका लागि जनचेतना कार्यक्रम

## गुठीचौर गाउँपालिका, वडा नं. १

### १. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तथा गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गरेको छ। गुणस्तरीय शिक्षा प्राप्त गर्नु प्रत्येक बालबालिकाको मौलिक अधिकार मात्र नभई समृद्ध समाज निर्माणको आधार पनि हो। शिक्षाले व्यक्तिको ज्ञान, सीप, क्षमता तथा चेतनाको विकास गरी सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। त्यसैले विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई नियमित अध्ययनमा सहभागी गराउनु राज्य, अभिभावक, विद्यालय तथा समुदायको साझा दायित्व हो।

यद्यपि ग्रामीण क्षेत्रका धेरै समुदायहरूमा अझै पनि विद्यालय छोड्ने प्रवृत्ति, अनियमित उपस्थिती, सिकाइ उपलब्धिको न्यून स्तर, बालविवाह, बालश्रम, लैङ्गिक विभेद तथा शिक्षाप्रतिको कमजोर अभिभावकीय चासो जस्ता समस्या विद्यमान रहेका छन्। यस्ता समस्याका कारण धेरै बालबालिका गुणस्तरीय शिक्षाको पहुँचबाट वञ्चित हुने गरेका छन्। विशेष गरी विपन्न, सीमान्तकृत तथा दुर्गम क्षेत्रका बालबालिकाहरू शिक्षाको अवसरबाट समान रूपमा लाभान्वित हुन नसकेको अवस्था देखिन्छ।

गुठीचौर गाउँपालिका वडा नं. १ अन्तर्गतका विभिन्न बस्तीहरूमा विद्यालय, अभिभावक र समुदायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउँदै शिक्षाप्रति सकारात्मक सोच र व्यवहार विकास गर्न आवश्यक देखिएको छ। विद्यालयमा भर्ना भएका बालबालिकाको नियमित उपस्थिती सुनिश्चित गर्ने, विद्यालय छोड्ने प्रवृत्ति न्यूनीकरण गर्ने, बालविवाह तथा बालश्रम जस्ता सामाजिक विकृतिहरू विरुद्ध जनचेतना फैलाउने तथा बालबालिकाको शिक्षामा अभिभावकको सक्रिय सहभागिता बढाउने उद्देश्यले समुदायस्तरमा प्रभावकारी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक भएको छ ।

सडक नाटक जनचेतना अभिवृद्धिको एक प्रभावकारी, सरल तथा समुदायमै पुगेर सन्देश प्रवाह गर्न सकिने माध्यम हो। स्थानीय भाषा, संस्कृति, भेषभूषा, परिवेश तथा समुदायका वास्तविक

घटनाक्रमलाई समेटेर प्रस्तुत गरिने सडक नाटकले आम नागरिकमा छिटो र प्रभावकारी रूपमा सन्देश पुऱ्याउन सक्ने भएकाले यस कार्यक्रमलाई जनमुखी र परिणाममुखी बनाउने अपेक्षा गरिएको छ ।

यसै सन्दर्भमा गुठीचौर गाउँपालिका वडा नं. १ को आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत मनिसाँघु, चोत्र तथा गोठिगाउँ लगायतका बस्तीहरूमा "गुणस्तरीय शिक्षाका लागि जनचेतना कार्यक्रम" सञ्चालन गरी सडक नाटक प्रदर्शन, अन्तरक्रिया तथा सचेतनामूलक गतिविधिहरू मार्फत शिक्षा सम्बन्धी सकारात्मक व्यवहार परिवर्तन ल्याउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको हो। यस कार्यक्रमबाट अभिभावक, विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि तथा समुदायका अन्य सरोकारवालाहरूमा शिक्षाको महत्वबारे थप जागरण सिर्जना भई गुणस्तरीय शिक्षाको अभियानलाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## २. उद्देश्य

## मुख्य उद्देश्य

समुदायमा गुणस्तरीय शिक्षाको महत्वबारे जनचेतना अभिवृद्धि गर्नु।

**विशेष उद्देश्यहरू**

- विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना तथा नियमित उपस्थितिका लागि प्रेरित गर्नु ।
- अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउन सहयोग गर्नु।
- बालविवाह, बालश्रम तथा विद्यालय छाड्ने प्रवृत्तिबारे सचेतना फैलाउनु।
- विद्यालय, अभिभावक र समुदायबीच सहकार्य बढाउनु।
- समावेशी तथा गुणस्तरीय शिक्षाको अवधारणाबारे जानकारी प्रदान गर्नु।

## ३. कार्यक्रम सञ्चालन क्षेत्र

- चोत्र
- मनिगाउँ

गुठीचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घलमुडी, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

- गडी गाउँ
- डिल्लीकोट

## ४. लक्षित समूह

- अभिभावक
- विद्यार्थी
- शिक्षक
- विद्यालय व्यवस्थापन समिति
- जनप्रतिनिधि
- महिला समूह
- युवा क्लब
- स्थानीय नागरिक

## ५. कार्यक्रमका मुख्य गतिविधिहरू

१. नाटकको कथा तथा स्क्रिप्ट तयारी।

२. कलाकार छनोट तथा पूर्वाभ्यास।

३. मनिसाँघु, चोत्र र गोठिगाउँमा सडक नाटक प्रदर्शन।

४. प्रदर्शनपछि अन्तरक्रिया कार्यक्रम।

५. शिक्षा सम्बन्धी सन्देश प्रवाह तथा सूचना सामग्री वितरण।

६. कार्यक्रमको दस्तावेजीकरण तथा प्रतिवेदन तयारी।

## ६. नाटकका मुख्य विषयवस्तु

- सबै बालबालिकालाई विद्यालय पठाऔं।
- नियमित विद्यालय उपस्थितिको महत्व।
- गुणस्तरीय शिक्षामा अभिभावकको भूमिका।
- बालविवाहको असर।
- बालश्रमको अन्त्य।

गुठीचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घलगुडी, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

- छोरी र छोरालाई समान शैक्षिक अवसर।
- विद्यालय छोड्ने प्रवृत्ति न्यूनीकरण।
- सुरक्षित तथा समावेशी सिकाइ वातावरण।

७. कार्यान्वयन विधि

- अनुभवी नाटक समूह वा कलाकार परिचालन गरिनेछ।
- प्रत्येक स्थानमा कम्तीमा १ पटक सडक नाटक प्रदर्शन गरिनेछ।
- प्रत्येक प्रदर्शन ३०-४५ मिनेटको हुनेछ।
- प्रदर्शनपछि १५-३० मिनेट अन्तरक्रिया सञ्चालन गरिनेछ।
- स्थानीय विद्यालय, अभिभावक तथा सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ।

८. अपेक्षित उपलब्धि

- समुदायमा गुणस्तरीय शिक्षाप्रति सकारात्मक धारणा विकास हुने।
- विद्यालय भर्ना तथा नियमित उपस्थितिमा वृद्धि हुने।
- अभिभावकको सहभागिता बढ्ने।
- बालविवाह तथा बालश्रम विरुद्ध जनचेतना अभिवृद्धि हुने।
- शिक्षा क्षेत्रमा समुदायको स्वामित्व बढ्ने।

## ९. समयावधि

आर्थिक वर्ष २०८३ असार मसान्त भित्र कार्यक्रम सम्पन्न गरिनेछ।

## १०. प्रतिवेदन तथा अनुगमन

- प्रत्येक स्थानको फोटो तथा भिडियो अभिलेख राखिनेछ।
- सहभागी संख्या तथा कार्यक्रम विवरण संकलन गरिनेछ।
- कार्यक्रम सम्पन्न भएपछि विस्तृत प्रतिवेदन वडा कार्यालयमा पेश गर्नुपर्नेछ।

## ११. अनुमानित बजेट शीर्षक

**क.सं. विवरणरकम (रु.)**

१ नाटक स्क्रिप्ट तयारी तथा कलाकार पारिश्रमिक १,२०,०००

गाउँपालिकाको कार्यालय

२ पूर्वाभ्यास तथा व्यवस्थापन २५,०००

३ ध्वनि, मञ्च तथा सामग्री व्यवस्थापन ४०,०००

४ यातायात तथा ढुवानी ३०,०००

५ प्रचारप्रसार तथा सूचना सामग्री १५,०००

६ अनुगमन, प्रतिवेदन तथा दस्तावेजीकरण १७,५००

७ विविध तथा आकस्मिक खर्च१५,०००

जम्मा २,६२,५००

## १२. सेवा प्रदायकको योग्यता तथा अनुभव

गुणस्तरीय शिक्षाका लागि जनचेतना कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्था, फर्म, कम्पनी वा नाटक समूहले निम्न योग्यता पूरा गरेको हुनुपर्नेछः

**क) संस्थागत योग्यता**

- प्रचलित कानून बमोजिम दर्ता भएको संस्था, फर्म, कम्पनी, सरकारी वा गैरसरकारी संस्था हुनुपर्ने।
- स्थायी लेखा नम्बर (PAN) सहित मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको हुनुपर्ने ।
- कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने।
- संस्थाको अद्यावधिक नवीकरण भएको प्रमाणपत्र पेश गर्नुपर्ने।

**ख) अनुभव**

- जनचेतनामूलक सडक नाटक, सांस्कृतिक कार्यक्रम, शिक्षा, स्वास्थ्य, सामाजिक विकास वा समुदाय परिचालन सम्बन्धी कम्तीमा ३ वटा कार्यक्रम सञ्चालन गरेको अनुभव हुनुपर्ने।
- स्थानीय तह, सरकारी निकाय, गैरसरकारी संस्था वा विकास साझेदारसँग काम गरेको अनुभवलाई प्राथमिकता दिइने।
- कार्यक्रम सम्पन्न गरेको अनुभव खुल्ने सम्झौता पत्र, कार्य सम्पन्न प्रतिवेदन वा सिफारिस पत्र पेश गर्नुपर्ने ।

- संथा वा फम दर्ता भई कम्तिमा ५ बर्ष कार्य अनुभव भएको हुनु पर्ने छ ।

## ग) प्राविधिक जनशक्ति

- कम्तीमा १ जना कार्यक्रम संयोजक।
- कम्तीमा ५ जना कलाकार (महिला तथा पुरुष समावेशी सहभागिता भएको)।
- स्क्रिप्ट लेखन तथा निर्देशनमा अनुभव प्राप्त कम्तीमा १ जना व्यक्ति।
- स्थानीय भाषा, संस्कृति तथा सामाजिक परिवेशको ज्ञान भएको जनशक्ति।

## घ) प्रस्तावमा समावेश गर्नुपर्ने विवरण

- संस्थाको परिचय ।
- कार्यक्रम सञ्चालन कार्ययोजना।
- नाटकको अवधारणा तथा मुख्य सन्देश।
- जनशक्ति विवरण ।
- लागत अनुमान ।
- समय तालिका ।
- विगतका अनुभव तथा प्रमाणहरू।

गाउँ कार्यपालिकाको कार्यालय
घलमुडी, जुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

Guthichaur Rural Municipality
Office of Executive Municipality
Province Karnali
Dhawalmudi, Jumla.

# BILL OF QUANTITY

कार्यक्रम / आयोजनाको नाम: गुणस्तरिय शिक्षाका लागी जनचेतना कार्यक्रम
ठेगाना:- गुठिचौर गाँउपालिका वडा न १ जुम्ला

| Item No. | Description of Works | Unit | Quantity | Rate NRs. | | Total Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Figures | In Words | | |
| 1 | गुणस्तरिय शिक्षाका लागी जनचेतना कार्यक्रम | पटक | 1.00 | | | | |
| | | | | | | | |
| In words: | | | | | GRAND TOTAL | | |

Firm Name :-

Address :- ;

Sign :-

Stamp :-

Date :-